आज मिति २०७७/०३/१० गते यस सुन्दरबजार नगरपालिकाको छैटौं नगरसभा यस नगरपालिकाका प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा बस्यो । उक्त सभाको उपस्थिति तपशील अनुसार रहयो/गरियो ।

## तपशील

| क्र.स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख (अध्यक्ष) | श्री जनक राज मिश्र | |
| २ | नगर उप प्रमुख | श्री ज्ञानु शाह | |
| ३ | वडा अध्यक्ष, वडा नं.- १ | श्री सुर्य बहादुर दुर | |
| ४ | वडा अध्यक्ष, वडा नं.- २ | श्री नविन कुमार श्रेष्ठ | |
| ५ | वडा अध्यक्ष, वडा नं.- ३ | श्री अमृत नेउपाने | |
| ६ | वडा अध्यक्ष, वडा नं.- ४ | श्री कृष्ण राज खनिया | |
| ७ | वडा अध्यक्ष, वडा नं.- ५ | श्री लिलित गुरुङ | |
| ८ | वडा अध्यक्ष, वडा नं.- ६ | श्री रघुनाथ मिश्र | |
| ९ | वडा अध्यक्ष, वडा नं.- ७ | श्री जयराम रेग्मी | |
| १० | वडा अध्यक्ष, वडा नं.- ८ | श्री कृष्ण कान्त अधिकारी | |
| ११ | वडा अध्यक्ष, वडा नं.- ९ | श्री मोती प्रसाद गुरुङ | |
| १२ | वडा अध्यक्ष ,वडा नं.- १० | श्री जय बहादुर अधिकारी | |
| १३ | वडा अध्यक्ष, वडा नं.- ११ | श्री प्रेम बहादुर दुरा | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री भवानी के.सी | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी पोखरेल | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री चन्द्रमा घिमिरे | |
| १७ | नगर कार्यपालिका सदस्य | सुरेश कुमार दुरा | |
| १८ | नगर कार्यपालिका सदस्य | श्रीमती शान्ता भुजेल | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री राजेन्द्र दर्जी | |
| २० | नगर कार्यपालिका सदस्य | श्री बुद्ध कुमारी सुवर्णकार | |
| २१ | वडा सदस्य १ | श्री धनमति गुरुङ | |
| २२ | वडा सदस्य १ | श्री शर्मिला ठडराई | |
| २३ | वडा सदस्य १ | श्री कर्ण बहादुर गुरुङ | |
| २४ | वडा सदस्य १ | श्री बाबु राम सोती | |
| २५ | वडा सदस्य २ | श्री जगत बहादुर खड्का | |
| २६ | वडा सदस्य २ | श्री विन्दु थापा क्षेत्री | |
| २७ | वडा सदस्य २ | श्री फुल माया नेपाली (सार्की) | |
| २८ | वडा सदस्य २ | श्री पुन कुमार श्रेष्ठ | |
| २९ | वडा सदस्य ३ | श्री बाल कुमारी दनाई | |
| ३० | वडा सदस्य ३ | श्री पार्वती देवी वि.क | |

| क्र.स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| ३१ | वडा सदस्य ३ | श्री कृष्ण प्रसाद अधिकारी | |
| ३२ | वडा सदस्य ३ | श्री डमर बहादुर गुरुङ | |
| ३३ | वडा सदस्य ४ | श्री बिमला देवी न्यौपाने | |
| ३४ | वडा सदस्य ४ | श्री सरस्वती परियार | |
| ३५ | वडा सदस्य ४ | श्री रेल बहादुर गुरुङ | |
| ३६ | वडा सदस्य ५ | श्री ज्ञान राज खानिया | |
| ३७ | वडा सदस्य ५ | श्री सारदा भट्टराई | |
| ३८ | वडा सदस्य ५ | श्री चन्द्र माया दर्जी | |
| ३९ | वडा सदस्य ५ | श्री यम बहादुर गुरुङ | |
| ४० | वडा सदस्य ५ | श्री श्रीकृष्ण कोइराला | |
| ४१ | वडा सदस्य ६ | श्री कृष्ण मान श्रेष्ठ | |
| ४२ | वडा सदस्य ६ | श्री बल बहादुर कुँवर | |
| ४३ | वडा सदस्य ७ | श्री देवीमाया दर्जी | |
| ४४ | वडा सदस्य ७ | श्री आनन्द राज श्रेष्ठ | |
| ४५ | वडा सदस्य ७ | श्री देबराज गुरुङ | |
| ४६ | वडा सदस्य ८ | श्री अनिता दुलाल सार्की | |
| ४७ | वडा सदस्य ८ | श्री ऋषि राम ढकाल | |
| ४८ | वडा सदस्य ८ | श्री केशर बहादुर कुँवर | |
| ४९ | वडा सदस्य ९ | श्री अमोल खनाल | |
| ५० | वडा सदस्य ९ | श्री मान कृष्ण आर्चाय | |
| ५१ | वडा सदस्य १० | श्री बिना न्यौपाने | |
| ५२ | वडा सदस्य १० | श्री कालीमाया अछामे | |
| ५३ | वडा सदस्य १० | श्री पदम बहादुर दुरा | |
| ५४ | वडा सदस्य १० | श्री प्रेम बहादुर विष्ट | |
| ५५ | वडा सदस्य ११ | श्री सरिता दुरा | |
| ५६ | वडा सदस्य ११ | श्री सन्त माया सार्की | |
| ५७ | वडा सदस्य ११ | श्री जगन काजि दुरा | |
| ५८ | वडा सदस्य ११ | श्री तुल बहादुर दुरा | |
| ५९ | सचिव | श्री ठाकुर जी तिवारी | |

# सुन्दरबजार नगरपालिका

## छैटौं नगर सभा

# नीति तथा कार्यक्रम

(आ.व. २०७७/०७८)

सुन्दरबजार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

आदरणीय नगर सभा सदस्यहरु

१. विश्वव्यापी महामारीका रुपमा फैलिरहेको नोवेल कोरोना भाइरसबाट लाग्ने कोभिड-१९ रोगबाट दुनिया आक्रान्त भएको वर्तमान विषम परिस्थितिमा यस सुन्दरबजार नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम यस गरिमामय छैंटौ नगर सभामा प्रस्तुत गरिरहँदा एकातर्फ मैले आफूलाई गौरवान्वित महशुस गरेको छु भने अर्का तर्फ नगरबासीहरुको जीवन रक्षाको प्रश्नले मलाई अत्यन्त गम्भीर बनाएको छ । मलाई विश्वास छ - मानव जातिले जित्नेछ, स्थानीय सरकार र नगरवासीको संयुक्त पहलकदमीमा यस महामारीलाई हामीले जित्नेछौं ॥

२. यस अवसरमा सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माणका खातिर आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहीदहरुप्रति उच्च श्रद्धाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते योद्धाहरु तथा वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु । मुलुकको राजनीतिलाई संघीय लोकतान्त्रिक गणतन्त्रको यस स्वरुपमा ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने सम्पूर्ण अग्रज योद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

३. कोभिड-१९ माहामारीका कारण सिर्जित अकल्पनीय परिस्थितिका कारण विश्व मानवजाति जटिल संकटमा फँसेको छ, स्वास्थ्य सेवाको अपर्याप्तता संसारभरि छ, जसका कारण दशौं लाख मानिसहरु प्रभावित भएका छन् अनि संक्रमणबाट लाखौं मानिसहरुले ज्यान गुमाउनु परेको छ । कोभिड १९ को महामारीबाट ज्यान गुमाउनु भएका देश विदेशमा रहेका नेपाली दिदीबहिनी, दाजुभाइहरु तथा विश्वभरका बन्धुहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु साथै उपचारको क्रममा रहेका सम्पूर्ण संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. यस विषम परिस्थितिका विरुद्ध विश्व मानव जाति लडिरहेको छ, हामी पनि लडिरहेका छौं । विश्व मानव समुदायसँग ऐक्यबद्धता जनाइरहेका छौं । यसै शिलशिलामा हामीले नगरमा अलपत्र परेका स्वदेशी तथा विदेशी नागरिकहरु तथा पेशा व्यवसायबाट दैनिक गुजारा चलाएका तर बन्दाबन्दीका कारणले दैनिक गुजारा चलाउन समस्या परेका विपन्न नागरिकहरुलाई लक्षित गरी तत्काल खानेबस्ने व्यवस्था मिलाउन राहत वितरण गरेका छौं, नगरपालिकाका सवारी साधन प्रयोग गरी अलपत्र व्यक्तिहरुलाई घरसम्म लैजाने व्यवस्था मिलाएका छौं । हाम्रै नगरपालिका क्षेत्रमा जिल्ला स्तरीय क्वारेण्टिन व्यवस्थापन गरेका छौं । नगरपालिकाको प्रवेश नाकामा चेकजाँचको प्रबन्ध गरेका छौं । आवश्यक स्वास्थ्य सेवा प्रवाह गरेका छौं । थप क्वारेण्टिन तथा आइसोलेशन वार्डको प्रबन्ध सहित पूर्व तयारी गरेका छौं । यस अवसरमा कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि कष्टपूर्ण दिनचर्याका बावजुद नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दी तथा सामाजिक दूरीको पूर्ण पालना गर्नुहुने सम्पूर्ण नगरबासीहरु प्रति हृदयदेखि धन्यवाद व्यक्त गर्न चाहान्छु। स्वास्थ्यसेवामा अहोरात्र खटिनुहुने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी व्यवस्थापान कार्यमा संलग्न सबै राजनितिक दलहरु, निजी क्षेत्र, सामुदायिक संघ संस्था, संचार जगत , जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु लगायत सम्पूर्ण नगरबासीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

५. कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण तथा उपचारका लागि नगरपालिकाले ८० लाख रुपैयाँको कोरोना प्रतिकार्य कोष स्थापना गरेको छ । उक्त कोषमा नगरपालिका

बाहेक विभिन्न संघसंस्थाबाट ७० हजार रुपैयाँ जम्मा भएको छ । उक्त कोषको अधिकांश रकम राहत वितरण तथा क्वारेण्टिन व्यवस्थापनमा खर्च भएको छ । उक्त कोषमा स्वत स्फूर्त रुपमा योगदान गर्नुहुने संघसंस्थाहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै विपत्तिको यो बेलामा सबै उदारमनहरुबाट योगदान हुनेछ भन्ने अपेक्षा गरेको छु ।

६. कोभिड-१९ को महामारीका कारण आर्थिक तथा उत्पादन क्षेत्रमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्दै आर्थिक तथा उत्पादनका गतिविधिहरुलाई पुनर्जीवन दिन सामाजिका दूरी कायम गर्दै स्वास्थ्य सचेतनाका साथ सबै उद्यमी, व्यवसायी तथा आम जनसमुदायको ध्यान जानेछ भन्ने विश्वास लिएको छु ।

**नगर सभाका सदस्यज्यूहरु**

अब म आर्थिक वर्ष २०७७/७८ नीति तथा कार्यक्रमका सिद्धान्तहरु प्रस्तुत गर्न चाहन्छु ।

७. कोरोना भाइरसको संक्रमणका कारण हुने कोभिड १९ रोगले सिर्जना गरेको यस विषम परिस्थितिको प्रभावलाई न्यूनीकरण गर्दै नगरपालिकाको विकास गतिविधिलाई पुनर्जागृत गराउनु परेको छ, यो आजको प्रमुख आवश्यकता हो ।

८. विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोनाका कारण जीविका निर्वाहका लागि विदेश तथा स्वदेशका विभिन्न शहरमा गई पेशा व्यवसाय गरेका यस नगरपालिकाका नागरिकहरु गाउँ फर्किने सिलसिला चलेको छ । जसका कारण एकै साथ हाम्रा सामु चुनौती र अवसरहरु थपिएका छन् । एकातर्फ व्यवस्थापन गर्न नसकेमा गाउँ फर्किएका युवा तथा अन्य नागरिकहरु बेरोजगार हुँदा नगरपालिकाको सामाजिक गतिविधिमा नै नकारात्मक असर पर्नसक्छ भने अर्कोतर्फ स्वदेश तथा विदेशमा सिकेका ज्ञान, सीप र दक्षतालाई सही ढंगले परिचालन गर्न सकेको खण्डमा नगरपालिकाको आर्थिक, सामाजिक विकासमा महत्वपूर्ण योगदान गर्न सकिन्छ, यसलाई बुद्धिमत्तापूर्ण ढंगले विकास निर्माणका पक्षमा परिचालन गर्नु पर्नेछ ।

९. नीति तथा कार्यक्रमको सिद्धान्त तयार गर्दा मैले लोक कल्याणकारी राज्यको अवधारणा, संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख आर्थिक प्रणाली, नेपाल सरकारको नीति तथा कार्यक्रम, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम र सुन्दरबजार नगरवासीहरुको जनआकांक्षालाई मार्गदर्शनका रुपमा लिएको छु ।

१०. पन्ध्रौं पञ्चवर्षीय योजना, नगरपालिकाका विगतका योजना तथा कार्यक्रमहरु, सुन्दरबजार नगरपालिकाको निर्वाचनका क्रममा विभिन्न दलहरुले अघि सारेका चुनाव घोषणा पत्रहरुलाई नीति तथा कार्यक्रमको सिद्धान्तका सन्दर्भ सामग्री तथा स्रोत सामग्रीका रुपमा ग्रहण गरेको छु ।

११. विकासको प्रतिफल तल्लो वर्गका जनतामा पुग्ने गरी उत्पादन तथा वितरण प्रणाली र विकास गतिविधि सञ्चालन गर्दै **आत्मनिर्भर सुन्दरबजार** निर्माण गर्ने तर्फ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम निर्देशित हुनेछ ।

१२. कृषिमा आधारित ग्रामीण अर्थतन्त्र यस नगरपालिकाको आर्थिक मेरुदण्ड हो । सरकारी, सहकारी र निजी क्षेत्रको सहभागितामा कृषि तथा पशुपालनको विकास गर्नु आगामी वर्षको नीति तथा कार्यक्रमको उद्देश्य हुनेछ ।

१३. सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्दै लगभग अवरुद्ध भएको शिक्षा प्रणालीलाई फरक तर प्रभावकारी तरिकाले पुनर्जागृत गराउनु आगामी वर्षको नीति तथा कार्यक्रमको लक्ष्य हुनेछ ।

१४. विषम परिस्थितिमा पनि सबै प्रकारका सामाजिक सुरक्षाका कार्यक्रमलाई निरन्तरता दिनु पर्नेछ ।

आदरणीय नगर सभा सदस्यहरु

अब म आगामी आर्थिक वर्षको प्राथमिकता क्षेत्र प्रस्तुत गर्न चाहन्छु ।

१५. जनताको जीवन रक्षा, दैनिक उपभोग्य वस्तुको उपलब्धता जस्ता विषयलाई केन्द्रमा राख्दै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकता क्षेत्र निम्न अनुसार हुनेछ ।

क) कोभिड १९ प्रतिकार्य तथा स्वास्थ्य सेवा प्रबन्ध
ख) खानेपानी, सरसफाई र पोषण
ग) कृषि तथा पशुपालन
घ) रोजगारी, सहकारी तथा भूमि व्यवस्था
ङ) शिक्षा
च) सूचना तथा सञ्चार प्रविधि
छ) सामाजिक सुरक्षा
ज) वाताबरण संरक्षण तथा विपद व्यवस्थापन
झ) युवा परिचालन
ञ) सुशासन तथा संस्थागत क्षमता विकास
ट) भौतिक निर्माण
ठ) बजार व्यवस्थापन तथा बजार अनुगमन
ड) राजस्व परिचालन

**आदरणीय नगर सभा सदस्यहरु**

यिनै सिद्धान्त तथा प्राथमिकतामा रही अब म क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१६. कोभिड १९ को प्रभाव तथा सम्भावित महामारीबाट जनताको जिउ धनको रक्षाको लागि क्वारेण्टिन व्यवस्थापन, राहत वितरण लगायत सबै प्रकारका प्रतिरोधात्मक तथा उपचारात्मक उपायहरु अवलम्बन गरिनेछ । हाल स्थापना भएको कोरोना प्रतिकार्य कोषलाई निरन्तरता दिइनेछ । उक्त कोषमा यथेष्ट स्रोत साधनको प्रबन्ध मिलाइनेछ । साथै व्यक्ति तथा संघसंस्थाको योगदानका लागि आह्वान गरिनेछ ।

१७. कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणमा सफलता हासिल गर्न स्वास्थ्य उपकरण तथा औषधि आपूर्तिको उचित व्यवस्था मिलाइनेछ । क्वारेन्टाइन व्यवस्थापन, स्वास्थ्य परिक्षण तथा थप आइसोलेसन वार्डको स्थापना गरी उपचारको समुचित प्रवन्ध मिलाइने छ । रोग प्रतिरोधी क्षमता विकास गर्नुका साथै मनोपरामर्श सँग सम्बन्धित कार्यक्रमहरु संचालन गरिने छ ।

१८. जिल्लाकै एक मात्र सरकारी अस्पताल सुन्दरबजार नगरपालिकामा रहेको सुन्दरबजार अस्पतालको भवन निर्माणका लागि आवश्यक जग्गा प्राप्ति गरी नयाँ भवन निर्माणको थालनी गरिनेछ । साथै संघ सरकारको सहकार्यमा चन्द्रेश्वर प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ सैयाको अस्पतालको रुपमा विकास गरिने छ । एक वडा एक स्वास्थ्य संस्थाको नीति

अनुरुप प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थाहरुको सबलीकरण, सुदृढीकरण एवं भौतिक पूर्वाधार विकासमा विशेष जोड दिइने छ । साथै कोभिड १९ प्रतिकार्य साथै स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरीय र प्रभावकारी बनाउनका निमित्त यस नगरपालिकामा रहेका नमूना सामुदायिक अस्पताल, कर्मदा अस्पताल अन्य निजी स्वास्थ्य संस्थाहरुसँग सहकार्य गरिनेछ ।

१९. उच्च रक्तचाप, मधुमेह, दम, मृगौला, कलेजो र महिलाहरुको पाठेघर सम्बन्धी रोगको रोकथाम, पहिचान, परीक्षण र उपचारका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । साथै फोक्सोको दीर्घ रोगीलाई सुघ्ने औषधि निःशुल्क वितरण गरिनेछ ।

२०. नेपाल सरकारले उपलब्ध गराउने निशुल्क औषधी साथै निशुल्क रुपमा उपलब्ध गरानुपर्ने औषधीका निमित्त यथासम्भव स्रोत साधनको व्यवस्था गरिनेछ ।

२१. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत घरदैलो स्वास्थ्य उपचार सेवाल उपलब्ध गराइने छ ।

२२. गर्भवती महिलाहरुको नियमित स्वास्थ्य परीक्षण, आइरन चक्की वितरण तथा सेवन, नियमित खोप, पोषणयुक्त भोजनको व्यवस्था, स्वास्थ्य संस्थामा सुत्केरी गराउने, र नवजात शिशु तथा आमाको संरक्षणका निमित्त सञ्चालित सुनौला हजार दिनको कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।

२३. भोटेओडारमा अवस्थित एकीकृत स्वास्थ्य उपचार केन्द्रलाई व्यवस्थित गर्नुका साथै आँखा उपचार केन्द्रलाई व्यवस्थित गरी मोतियाबिन्दु रोगको निशुल्क शल्य क्रियाको निमित्त अपरेशन कक्ष निर्माण गरी आवश्यकता अनुसार शल्यक्रिया गर्ने व्यवस्था मिलाइनेछ ।

२४. आयुर्वेदिक एवं प्राकृतिक चिकित्सा प्रणालीको विस्तार र प्रवर्द्धन गरिने छ । आम नागरिकलाई योगाभ्यास र शारीरिक व्यायाम सहितको सक्रिय जीवन पद्धति अपनाउन प्ररित गरिनेछ । वडाहरुमा व्यायामशाला, अरोग्य केन्द्र र योग केन्द्रहरु स्थापना गर्न प्रोत्साहित गरिने छ ।

२५. नगरबासीको आपतकालीन स्वास्थ्य सेवामा सहज पहुँचका लागि एम्बुलेन्स तथा नगर क्षेत्रमा शव व्यवस्थापनका लागि शववाहन खरिद गरिनेछ ।

२६. जोखिम अवस्थामा रहेका नगरबासीहरुको पहिचान गरी आवश्यकता अनुसार मौद्रिक तथा गैर मौद्रिक उपायहरु अवलम्बन गरी राहत वितरण गरिनेछ । राहत वितरण गर्दा श्रमका आधारमा राहत पद्धतिलाई प्राथमिकता दिइनेछ ।

२७. कोभिड १९ विरुद्ध अग्रपंक्तिमा रहेर काम गरिरहेका स्वास्थ्यकर्मी लगायत सबैको मनोबल उच्च बनाउने गरी कार्यक्रम निर्माण गरिनेछ ।

२८. कोभिड १९ को जोखिमबाट बँच्न आम जनताको स्वास्थ्य सम्बन्धी आनीबानी, व्यबहार र धारणामा सकारात्मक सुधार ल्याउन विविध प्रकारका सचेतना सामग्री विकास गरी प्रसारण गरिनेछ ।

२९. स्वास्थ्य संस्थाहरुमा जनशक्ति व्यवस्थापन र औषधी उपलब्धतालाई केन्द्रित गर्दै समग्र क्षमता विकासमा जोड दिइनेछ ।

३०. खोप लगायत सबै प्रकारका जनस्वास्थ्य प्रवर्द्धन सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै कार्यान्वयन पक्षमा विशेष जोड दिइनेछ ।

३१. एक घर एक धाराको नीतिलाई निरन्तरता दिइनेछ, सबै घरमा पक्की शौचालय कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडि बढाइनेछ । ल्याण्डफिल साइटको सुरक्षित

व्यवस्थापन गर्दै नगरपालिका क्षेत्रको फोहोर विसर्जन व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

३२. बाल पोषण कार्यक्रम मार्फत खाद्य सुरक्षाको प्रबन्ध मिलाइनेछ ।

३३. नगरपालिकाको आर्थिक मेरुदण्डका रुपमा रहेको कृषि क्षेत्रलाई प्रबर्द्धन गर्दै <u>समुन्नत, समृद्ध र आत्मनिर्भर सुन्दरबजार</u> निर्माण गर्नु समग्र कृषि क्षेत्रको नीति हुनेछ ।

३४. कृषि तथा पशुपालनमा सबै प्रकारका अनुदान कार्यक्रमहरुलाई निरन्तरता दिंदै अनुदानको रकम तथा वस्तु किसानको खेत र गोठसम्म पुग्ने गरी नीति तथा कार्यान्वयन व्यवस्था मिलाइनेछ ।

३५. मल, बीऊ, औजार आदि उपकरणको प्रबन्ध, उत्पादन वृद्धि, कृषि उपज संकलन, तथा वितरणमा कृषि सहकारीहरुलाई परिचालन गरिनेछ ।

३६. लामो समयसम्म भण्डारण गर्न सकिने कृषि वस्तुहरुको भण्डारण र सामयिक आपूर्ति व्यवस्था मिलाई खाद्यवस्तु आपूर्ति श्रृंखला (Food Supply Chain) लाई व्यवस्थित गर्न नगरपालिकाको नेतृत्वमा सरकारी-सहकारी-निजी क्षेत्रको सहलगानीमा उन्नत प्रकारको शीत भण्डार निर्माण गर्ने व्यवस्था मिलाइनेछ । उक्त शीत भण्डार सञ्चालनका लागि छुट्टै कार्यविधि निर्माण गरिनेछ ।

३७. उत्पादन र वितरण प्रणालीलाई सूचना प्रविधिसँग जोडिनेछ ।

३८. किसानको उत्पादन खरिद बिक्री, उचित मूल्य निर्धारण र कृषकको बचतलाई सुरक्षित गर्न कृषि सहकारीहरु परिचालन गर्ने नीति लिइनेछ ।

३९. यस नगरपालिका कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुलाई निरन्तर नियमन, प्रबर्द्धन र प्रशिक्षण गरिनेछ । साथै सहकारीहरुलाई अनिवार्य रुपमा सहकारी तथा गरीबी सम्बन्धी व्यवस्थापन सूचना प्रणली (कोपोमिस) प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

४०. कृषियोग्य भूमिको अधिकतम उपयोग गर्दै उत्पादन वृद्धि गर्ने साथै सामूहिक भावना विकास गर्ने लक्ष्यका साथ निश्चित परिवार र निश्चित क्षेत्रफलको जग्गा चक्लाबन्दी गरी सामूहिक जग्गा धनी प्रमाण पुर्जा बनाउने किसानहरुलाई जग्गा चक्लाबन्दी गर्दा लाग्ने राजस्वमा निश्चित अंश अनुदान दिने नीति लिइनेछ । यसरी चक्लाबन्दी गरिएको जग्गामा <u>एक फर्म एक उत्पादन</u>को नीति अंगीकार गरिनेछ । उक्त फर्ममा कृषि उत्पादन वा पशुपालन गरिनेछ । साथै त्यस प्रकारका फर्महरुका लागि मल, बीऊ, कृषि उपकरण आदिमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

४१. वडाहरुको नेतृत्वमा खेर गइरहेको बाँझो सार्वजनिक तथा पर्ती जग्गा, खोला किनारको बगर आदि जग्गाको लगत संकलन गरिनेछ । सोका आधारमा नगरपालिकाको भूमि बैंक बनाउन पहल गरिनेछ । यस प्रकारको जमीनको सदुपयोग गर्न सहकारी वा युवा समूहलाई कृषि तथा पशुपालनका लागि लिजमा दिने व्यवस्था मिलाइनेछ ।

४२. कृषि योग्य भुमीको नियमित माटो परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । कृषकहरुलाई माटोका प्रकार, गुणस्तर र हावापानी अनुकुल खेती गर्न एवं उचित मात्रामा मल, बिऊ र विषादीको प्रयोग गर्न प्राविधिक सेवा उपलब्ध गराइनेछ ।

४३. नगरपालिकाको निकासीयोग्य उत्पादनको पहिचान गरी बजार व्यवस्थापनमा कृषकलाई सहयोग गरिनेछ ।

४४. कृषि अनुसन्धानलाई प्राथमिकतामा राख्दै बीऊ उत्पादन तथा रैथाने र परम्परागत बीऊ बिजन संरक्षण गरिनेछ । साथै यिनीहरुको बजारीकरण र अन्तर्राष्टियकरण गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गरिनेछ ।

४५. कागती, मह लगायत कृषि र पशुपालनका पकेट क्षेत्रहरुका स्तरोन्नति गरिनेछ । साथै धान, आलु, माछा, तरकारी, कफी, अदुवा, बेसार आदिको पकेट क्षेत्र विकास गरिनेछ साथै अनुदानको व्यवस्था मिलाइनेछ ।

४६. आवश्यकता अनुसार संघ तथा प्रदेशसँग समन्वय गरी खेतीयोग्य जमीनमा सिंचाइको प्रबन्ध मिलाइनेछ । माग र वडाको सिफारिशका साना सिंचाईहरु नगरपालिकाले आवश्यकता अनुसार सञ्चालन गर्ने नीति लिइनेछ ।

४७. फलफूल, फूल तथा डाले घाँसको विकासका लागि उन्नत प्रकृतिको नर्सरी निर्माण गरी नियमित रुपमा बिरुवा उत्पादन गरी वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

४८. कोभिड १९ का कारणले पेशा तथा व्यवसाय गुमाई स्वदेश तथा विदेशबाट नगरपालिका क्षेत्रमा भित्रिएका सीपयुक्त जनशक्तिहरुको लगत संकलन गरी वडा तथा नगरपालिका स्तरमा सूचीकृत गरिनेछ । उनीहरुको ज्ञान, सीप, दक्षता र क्षमता प्रयोग गर्ने गरी रोजगार तथा स्वरोजगार सिर्जना गर्न सहुलियतपूर्ण ऋण, पेशा व्यवसाय सम्बन्धी अभिमुखीकरण लगायतका सहजीकरणका उपायहरु अवलम्बन गरिनेछ । पेशा, व्यवसाय र रोजगारीका नयाँ नयाँ सम्भावनाहरुको खोजी गरिनेछ ।

४९. उपभोक्ता समूहले सञ्चालन गर्ने विकास आयोजनाहरुमा सूचीकृत स्थानीय श्रमिकहरु प्रयोग गर्ने व्यवस्था मिलाइनेछ । यसो गर्दा स्थानीय युवाहरुले रोजगारी पाउने, प्राप्त स्रोत साधन स्थानीय श्रम बजार भित्रै रहने र थप आर्थिक क्रियाकलाप सञ्चालन भई पूँजी निर्माण हुने भरपर्दो सम्भावना रहनेछ ।

५०. कोभिड १९ कारण अबरुद्ध प्राय हुन पुगेको सेवा तथा व्यापार क्षेत्रलाई पुनर्जीवन दिई आर्थिक क्रियाकलाप सञ्चालन गर्दै थप रोजगारी सिर्जना गर्न सहजीकरण तथा प्रबर्द्धनात्मक उपायहरु अपनाइनेछ ।

५१. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रबर्द्धन गर्न सीपमुलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्ने सहयोग पुग्ने गरी स्रोत साधनको व्यवस्था गरिनेछ ।

५२. <u>एक स्थानीय तह एक औद्योगिक ग्राम</u> निर्माणार्थ जग्गा प्राप्तिका लागि पहल गरिनेछ ।

५३. कोभिड १९ का कारणले पेशा व्यवसाय गुमाएका युवा तथा बेरोजगार युवाहरुलाई लक्षित गर्दै **<u>नगर प्रमुख युवा उद्यम विकास तथा रोजगार कोष</u>** स्थापना गरिनेछ । यो कोष सञ्चालनका लागि छुट्टै कार्यविधि बनाई लागु गरिनेछ ।

५४. कोभिड १९ का कारण अबरुद्ध बनेको सिकाइ प्रक्रियालाई प्रविधिमैत्री शिक्षा पद्धतिको विकास गर्दै वैकल्पिक माध्यमबाट निरन्तरता दिइनेछ । वैकल्पिक सिकाइ प्रक्रिया सञ्चालनका लागि आवश्यक स्रोत साधनको प्रबन्ध मिलाइनेछ ।

५५. सिकाइलाई थप प्रभावकारी र दीगो बनाउन दिवा खाजा कार्यक्रम मार्फत बालबालिकाको पोषण अवस्था सुरक्षित गरिनेछ ।

५६. बाल विकास केन्द्रका सहजकर्ताहरुका लागि सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५७. विद्यालय शिक्षामा दिइने छात्रवृत्ति, पाठ्यपुस्तक लगायत सबै प्रकारका अनुदानलाई निरन्तरता दिइनेछ ।

५८. सिकाइ पद्धतिको विकासका लागि विषयगत शिक्षक समूह निर्माण तथा परिचालनलाई निरन्तरता दिइनेछ ।

५९. विद्यार्थी संख्या, भौगोलिक अवस्था, शिक्षक संख्याका आधारमा विद्यालय समायोजन कार्यलाई निरन्तरता दिँदै शिक्षक दरबन्दी मिलान गरिनेछ ।

जनकराज मिश्र

प्रमुख

६०. शैक्षिक विकास तथा अनुसन्धान लगायत विविध शैक्षिक कार्यक्रम सञ्चालनका लागि **शिक्षा विकास कोष** स्थापना गरिनेछ । यस कोषका सञ्चालनका लागि कार्यविधि बनाई लागु गरिनेछ ।

६१. सरोकारवालाहरुको सहभागितामा नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६२. विद्यालय स्तरीय प्रतिस्पर्धा, राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता सञ्चालन गरी स्थानीय समुदायमा रहेका प्रतिभा पहिचान गरिनेछ ।

६३. नगरपालिका क्षेत्रलाई वाईफाई जोनका रुपमा विकास गर्दै सबै प्रकारका सेवाहरु आधुनिक प्रविधिमैत्री बनाइनेछ । नगरपालिकालाई **स्मार्ट नगरपालिका**का रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।

६४. सूचना प्रविधि सम्बन्धी उपकरण व्यवस्थापनमा जोड दिइनेछ । सूचना प्रविधि मैत्री जनशक्ति निर्माणका लागि आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरणको प्रबन्ध मिलाइनेछ ।

६५. सामाजिक सुरक्षाका सबै कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । सामाजिक सुरक्षा भत्ता घरदैलो र हातहातमा पुऱ्याउन वित्तीय संस्थाहरुसँग समन्वय गरिनेछ । साथै अन्य सम्भव उपायहरुको खोजी गरी अवलम्बन गरिनेछ ।

६६. लैंगिक हिंसामा परेका व्यक्तिहरुको तत्काल उद्धारका लागि **लैंगिक हिंसा निवारण कोष**को स्थापना गरिनेछ ।

६७. अनाथ तथा असहाय बालबालिकाको जीवन रक्षा, शिक्षा र स्वास्थ्यमा सहयोग गर्ने हेतूले **बाल संरक्षण कोष**को स्थापना गरिनेछ ।

६८. महिला सञ्जाल, बाल सञ्जाल, जेष्ठ नागरिक सञ्जाल परिचालनका लागि स्रोत साधनको प्रबन्ध मिलाइनेछ । यसका लागि कार्यविधि बनाई लागु गरिनेछ ।

६९. नगरपालिका क्षेत्रमा रहेका अल्पसंख्यक तथा सीमान्तकृत जनजाति, दलित समुदायका घर परिवारलाई आय आर्जनका अवसरहरु जुटाउन आवश्यक पहल गरिनेछ ।

७०. मुलुकको परिवर्तनका निमित्त विगतमा भएका जनयुद्ध, जनक्रान्ति तथा जनआन्दोलनका द्वन्द्व पीडितहरुलाई लक्षित गरी आय आर्जन तथा स्वरोजगारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७१. समाजमा हुने विवाद, मनमुटाव, झै झगडा, लेनदेन, पारिवारिक कलह आदि समस्यालाई दुई पक्षीय छलफल र मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न न्यायिक समितिका कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

७२. **स्वच्छ, सफा, हराभरा सुन्दरबजार**को लक्ष्य प्राप्तिका लागि वातावरण संरक्षण गर्न विभिन्न संघ संस्थाहरुसँग समन्वय गरिनेछ ।

७३. नवीकरणीय उर्जाको क्षेत्रमा जोड दिँदै नगरपालिका क्षेत्रका सबै घरहरुमा बिजुली बुलने गरी **उज्यालो घर अभियान** सञ्चालन गरिनेछ ।

७४. आगामी दुई वर्षमा नागरिकका सबै घरमा खरका छाना विस्थापन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । चट्याङको उच्च जोखिमा रहेका बस्ती तथा क्षेत्रका घरहरुमा अर्थिङ गर्न निश्चित अंशको अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

७५. मानव सिर्जित तथा प्राकृतिक विपत्ति विरुद्ध निर्मित विपद व्यवस्थापन योजनालाई थप परिमार्जन गरिनेछ । साथै थप संस्थागत प्रबन्ध मिलाइनेछ ।

७६. पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद जोखिम संवेदनशीलतालाई केन्द्रबिन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा ईष्टिमेट गर्ने नीति लिइनेछ ।

७७. विपदसँग जुध्न **विपद व्यवस्थापन कोष** स्थापना गरिनेछ । कार्यविधि बनाई यस कोषको सञ्चालन गरिनेछ ।

७८. विपद व्यवस्थापन तथा वातावरण संरक्षणसँग सम्बन्धित कानून एवं नीतिहरुको तर्जुमा तथा कार्यान्वयन अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य गरिनेछ ।

७९. विपदको पुर्व तयारीका लागि सम्भाव्य जोखिमको पहिचान र न्यूनीकरण गर्ने, क्षतिको पूर्वानुमान गर्ने र सतर्कताका लागि पुर्व चेतावनी दिने प्रणाली विकास गरिनेछ ।

८०. राष्ट्र निर्माणको शक्तिका रुपमा रहेको युवाहरुको विकास र व्यवसाय प्रबर्द्धनका लागि वडा तथा नगर स्तरमा युवा सञ्जाल निर्माण गरी परिचालन गरिनेछ । युवाहरुको विकासका लागि खेलकुद, मनोरञ्जन, सिर्जनात्मक क्रियाकलापमा जोड दिइनेछ ।

८१. आफ्नो संस्कृति र परम्परा चिन्ने र त्यस प्रति गौरव महशुस गर्ने, गुण र दोषका आधारमा विचार निर्माण गर्न सक्ने सकारात्मक सोचयुक्त युवा विकासका लागि नगर स्तरीय युवा सञ्जाल सञ्चालनका लागि प्रबन्ध मिलाइनेछ ।

८२. युवाहरुलाई सामूहिक पेशा व्यवसाय सञ्चालन गर्न, रोजगार तथा स्वरोजगार सिर्जना गर्न व्यावसायिक अभिमुखीकरण गरिनेछ । उनीहरुको पेशा व्यवसायमा सहयोग गर्ने नीति लिइनेछ ।

८३. आगामी आर्थिक वर्षमा नगरपालिकाको पार्श्वचित्र तथा आवधिक योजना निर्माण गरिनेछ ।

८४. विकास निर्माण कार्य तथा सेवा प्रवाहलाई चुस्त, पारदर्शी र व्यवस्थित बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

८५. नगरपालिका तथा वडाहरुलाई सूचना प्रविधि मैत्री बनाइनेछ । यसका लागि पर्याप्त उपकरण व्यवस्था तथा कर्मचारी विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

८६. नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य यसै आर्थिक वर्षमा सम्पन्न गरिनेछ । यसका लागि आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ । वडा कार्यालय भवन नभएका वडाहरुमा वडा कार्यालय भवन निर्माण गर्न शुरु गरिनेछ । आगामी दुई वर्ष भित्रमा सबै वडाका वडा कार्यालय भवनहरु निर्माण सम्पन गरिनेछ ।

८७. यस नगरपालिका क्षेत्रमा रहेको मध्य पहाडी लोकमार्ग (पुष्पलाल मार्ग) सम्बन्धी विवाद समाधान गर्न आवश्यक पहल गरिनेछ ।

८८. नगरपालिकाको शहरी क्षेत्रका भित्री सडकहरु लागत सहभागिताका आधारमा कालोपत्रे गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

८९. संघ र प्रदेश सरकाकाको समन्वयमा नगरपालिकाको चक्रपथको स्तरोन्नति गरिनेछ ।

९०. प्रदेश तथा संघले सञ्चालन गर्ने सडक बाहेकका वडा तथा बस्तीमा रहेका रणनैतिक सडकहरु स्तरोन्नति गर्ने नीति लिइनेछ । नयाँ ट्रयाक् खोल्ने कार्यलाई प्रोत्साहित गरिने छैन ।

९१. विभिन्न आयोजनाहरु छनौट गरी डिपीआर तयार गरिनेछ । व्यवस्थित आयोजना बैंक निर्माण गरी योजना छनौट कार्यलाई पारदर्शी बनाइनेछ ।

९२. उद्यमी व्यवसायी र उपभोक्ता बीचको सम्बन्धलाई थप सुमधुर बनाउनु यस नगरपालिकाको बजार व्यवस्थापनको मूल नीति हुनेछ । उद्यमी व्यवसायीको लगानीको

संरक्षण गर्नु र उपभोक्ताले उचित समयमै किफायती र गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्नु बजार व्यवस्थापनको लक्ष्य हुनेछ ।

९३. पेशा व्यवसाय दर्ता तथा अभिलेखीकरण, दर्ता बमोजिमको उद्यम तथा व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गर्ने खालका कार्यक्रमहरु निर्माण गरी लागु गरिनेछ ।

९४. सरकारी निकाय तथा निजी क्षेत्र र उपभोक्ता समेतको सहभागितमा बजार अनुगमन कार्यलाई थप प्रभाकारी बनाउँदै निरन्तरता दिइनेछ ।

९५. आन्तरिक आय वृद्धि गर्दै नगरपालिकालाई आत्मनिर्भर बनाउने तर्फ राजस्व नीति परिलक्षित हुनेछ । राजस्वको दायरा वृद्धिमा ध्यान दिइनेछ ।

९६. सबै वडा कार्यालयहरुबाट राजस्व संकलन गर्ने गरी विकास गरिएको सफ्टवेवयरलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ । यसका लागि वडा सचिवहरुको क्षमता विकासलाई ध्यान दिइनेछ ।

९७. यसै आर्थिक वर्षमा तत्कालीन सुन्दरबजार नगर विकास समितिको अभिलेख, सम्पत्ति तथा दायित्व हस्तान्तरण गरी लिइनेछ । सुन्दरबजार नगर विकास समितिको कार्यकाल वा सो भन्दा अगाडि बनेका निजी भवनहरुको सूचीकरण गरिनेछ साथै राजस्व संकलनमा जोड दिइनेछ ।

९८. निजी क्षेत्रका संघ संस्थाहरुसँगको समन्वयमा नगरपालिका क्षेत्र भित्र रहेका व्यवसायहरुको दर्ता गरी व्यवसाय कर संकलनलाई सुनिश्चित गरिनेछ ।

९९. सबै करदाताहरुलाई कर सम्बन्धी जानकारी दिन सार्वजनिक सूचना प्रवाह गरिनेछ ।

१००. नगरपालिकाको समग्र विकासमा सहयोगी भूमिका निर्वाह गर्दै आइरहेका राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर संघ संस्था तथा दातृ निकाय तथा व्यक्तिहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ । साथै नयाँ संघ संस्थालाई सहकार्या गर्न आह्वान गरिनेछ ।

१०१. अन्त्यमा यो नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने जन प्रतिनिधिहरु, राजनैतिक दलको नेता तथा कार्यकर्ताहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पेशा व्यवसायीहरु, समाजसेवी बुद्धिजीवीहरु, कर्मचारीहरु लगायत आम जनताहरु प्रति धन्यवाद व्यक्त गर्दछु । साथै रचनात्मक सरसल्लाह र सुझावको अपेक्षा गर्दछु ।
धन्यवाद ।

यस नगरपालिकाका नगरप्रमुख श्री जनकराज मिश्रले प्रस्तुत गर्नुभएको आगामी आ.व.२०७७/०७८ को नीति तथा कार्यक्रम यस नगरसभाबाट पारित गर्ने निर्णय गरियो ।